म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २०० बुधबार १६ फागुन २०८० ने. सं. ११४४ सिल्लागा 28 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सुरक्षितरूपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## योजना समेट्ने सहमति पूरा नगरेपछि प्रतिपक्ष सरकारविरुद्ध आक्रामक

निशा गुरुङ



हेटौंडा, १५ फागुन/ बागमती प्रदेशसभा १४० दिनपछि हिउँदे अधिवेशनको पहिलो बैठक मंगलबार बसेको छ । चालू अधिवेशनको पहिलो बैठकमै सर कार र प्रतिपक्ष आरोपप्रत्यारोपमा उत्रिएका छन् ।

२२ असोजमा स्थगित प्रदेशसभा मंगलबारबाट सुरु भएको हो । बैठकमा चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा प्रतिपक्ष दल नेकपा एमाले र राप्रपाका छुटेका योजना समेट्ने सरकारसँगको सहमति कार्यान्वयनको विषयलाई लिएर आरोपप्रत्यारोप भएको हो । सरकारले सहमतिको नाममा राजनीतिक बेइमानी गरेको भन्दै एमाले र राप्रपा प्रदेशसभा बैठकमा आक्रामक बनेका छन् ।

सरकार सहमति कार्यान्वयन गर्ने पक्षमा नदेखिनु र प्रतिपक्ष सहमति पालनाको अडानमा देखिनुले प्रदेशसभा बैठकको नियमिततामाथि नै प्रश्न उठेको छ । पहिलो बैठकमा देखिएको सरकार र प्रतिपक्षबीचको सम्बन्धले विधेयक अधिवेशनका रुपमा समेत लिइने हिउँदे अधिवेशन अनिश्चित देखिएको हो । अहिले नै अधिवेशनको यकिन दृष्य देखा नपरे पनि प्रतिपक्ष दल एमाले र राप्रपा सरकारसँग मुकाबिलामा उत्रिएकोले आगामी बैठकको नियमिततामाथि शंका उत्पन्न भएको सांसदहरु बताउँछन् ।

प्रदेशसभा सौहार्द हुनेमा आशंका देखिएकाले आज बुधवार साढे ११ बजेलाई बोलाइएको बैठक सञ्चालनको पनि कुनै निश्चितता देखिएको छैन । एमाले र राप्रपा प्रदेशसभा बैठकअवरुद्ध गर्ने रणनीतिमा रहेको जनाइएको छ । मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारले १ असारमा ६२ अर्ब ७० करोडको बजेटमा ल्याएको थियो । तर, बजेटमा सत्तारुढ र विपक्षी सांसदबीच विभेद गरेको, प्रभावशाली नेताले आफ्नो गृहजिल्लामा मात्र बजेट थुपारेको भनेर एमाले र राप्रपाले प्रदेशसभा बैठक अवरुद्ध गरेको थियो । बजेट नै पास हुन नसक्ने अवस्था आएपछि सरकारले १८ असारमा एमाले र राप्रपासँग छुटेका योजना समेट्ने सहमति गरेको थियो ।

मंगलबारको बैठकमा राप्रपाका नेता उद्धव थापा सरकार प्रति आक्रामक देखिए । उनले झण्डा हल्लाएर हिँड्ने मन्त्रीबाहेक जनता र प्रतिपक्षको नजरमा सरकारले काम गर्न नसकेको बताए । 'एउटा प्रत्यक्ष निर्वाचित माननीयले योजना माग्दा ८ लाखको योजना परेछ । सत्तापक्षको समानुपातिक सांसदको ५ करोडको योजना परेछ । यसलाई अन्याय नभन्ने ?, यसलाई प्रतिपक्षले अवरोध गरेको, बखेडा गऱ्यो भन्ने ?', थापाले भने ।

नेता थापाले प्रदेशसभा चल्न थालेपछि रातारात बैठक भनेर तीनपटक वार्ता भएपनि सरकारले वाचा पूरा नगरेको बताए । उनले पूरक बजेट ल्याउन माग गरे । नेमकिपाका नेता सुरेन्द्रराज गोसाईंले राजनीतिक कार्यकर्तालाई सिद्धान्त एउटा व्यवहार अर्को र संगत अर्को बखत गाह्रो हुने नजरबाट प्रदेश सरकारलाई हेरेको बताए । राजनीतिक इमान्दारी, नैतिकता, विचार तथा सिद्धान्तमा आधारित हुने र राजनीतिबाट यी सबै निकालेको खण्डमा राजनीति ठगनीति र अपराधकर्म बन्ने भएकाले प्रदेश सरकार देखेर ठगहरु पनि अचम्ममा परेको आरोप लगाए । बारम्बार झुक्याउने खेती गरिरहेको प्रदेश सरकारले नराम्रो परिणाम भोग्नुपर्ने गोसाईंले चेतावनी दिए ।

सरकारका तर्फबाट बोल्दै उद्योग वाणिज्य भूमि तथा प्रशासन र कार्यबाहक आर्थिक मामिला तथा योजना मन्त्री रामकृष्ण चित्रकारले देश संघीयतामा गएपछि जनताले प्रदेशप्रति ठुलो अपेक्षा राखेको बताए । प्रतिपक्षसँग भएको विषयलाई सरकारले गम्भिररुपमा ग्रहण गरेको बताए । सहमति, सहकार्यले जनतालाई उत्साहित गर्ने र बजेटको विषयमा केही सहमति भएको भन्दै सहमतिलाई सम्बोधन गरेर अगाडि बढ्न सरकार जिम्मेवार रहेको उनको भनाई थियो । मन्त्री चित्रकारले विपक्षीलाई दिएको प्रतिबद्धतामा कुनैखालका शंका नभएको बताए ।

सत्तारुढ दल नेकपा एकीकृत समाजवादीका नेता कृष्णप्रसाद शर्मा खनालले सरकारमा रहँदा प्रतिपक्षका कुरा सुन्नै नसक्ने र प्रतिपक्षले विरोध मात्रै गरिरहने परिपाटीलाई चालू अधिवेशनबाट अन्त्य गर्नुपर्ने धारणा राखे । उनले बजेट निर्माणमा सरकार सन्तुलित भएर नयाँ सन्देश दिने काम गर्नुपर्ने बताए ।

खनालले पेलेर जाने मनोविज्ञान विकास हुँदा जटिलता निम्त्याउने भन्दै प्रयत्न र छलफलको दायरा फराकिलो बनाउन आग्रह गरे । जनताका प्रतिनिधिलाई विभेद गर्नु हुँदैन भन्ने सन्देश सरकारले दिनुपर्ने उनको भनाई छ ।

नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक रत्नप्रसाद ढकालले प्रदेशसभामा बसेर बजेट माग्ने बेथितिको अन्त्य कहिले हुन्छ ? भन्दै प्रश्न गरे । उनले अगामी वर्षदेखि बजेट वितरणलाई व्यवस्थित गर्न सरकार लागिपरेको बताउँदै प्रतिपक्षको सहयोग मागेका छन् । बजेट निर्माणको क्रममा केही कमजोरी भएको ढकालले स्वीकार गरेका छन् । विगतका सरकारका बेथितिलाई वर्तमान सरकारले हटाएर व्यवस्थित विकासमा काम गरिरहेको उनले दाबी गरे ।

यसैगरी, सभामुख भुवनकुमार पाठकले प्रस्तुत गरेको बागमतीका पूर्वसांसद एवम् पूर्वमन्त्री बलाराम पौडेलको निधनमा शोक प्रस्ताव पारित भएको छ । पौडेलको ६७ वर्षको उमेरमा गत माघ १७ गते सवारी दुर्घटनामा परेर निधन भएको थियो । स्व. पौडेल २०७४ सालको निर्वाचनमा चितवन जिल्ला नेपाली कांग्रेसको तर्फबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । शोक प्रस्ताव पारित भएसँगै सभामुख पाठकले प्रदेशसभाको बैठक बुधबार बिहान साढे ११ बजेसम्मका लागि स्थगित भएको घोषणा गरे ।

## संस्थापकमा श्रेष्ठ कायम गर्न फोनिजद्वारा अल्टिमेटम

साझाकुरा संवाददाता



हेटौंडा, १५ फागुन/ नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)ले नेपाल पत्रकार महासंघलाई आफ्नो गलत इतिहास सच्याउन ७ दिने अल्टिमेटमसहितको स्मरणपत्र बुझाएको छ ।

नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्ष सत्यनारायणबहादुर श्रेष्ठ रहेकाले ईतिहास सच्याउन माग गर्दै फोनिज मकवानपुरले फोनिजको संघीय अभियान अन्तरगत स्मरणपत्र बुझाएको हो । फोनिज मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठले पत्रकार महासंघको केन्द्रीय कार्यसमितिका लागि पत्रकार महासंघ मकवानपुर शाखाका अध्यक्ष मणिराज गौतमलाई पत्र प्रदान गरेको हो । स्मरणपत्र बुझाएपछि आयोजित छलफल कार्यक्रम नेपाल पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारुमगरको प्रमुख आतिथ्य तथा फोनिज मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा फोनिजका संघीय प्रतिनिधि एवम् नेवा: पत्रकार राष्ट्रिय दबु: मकवानपुरका अध्यक्ष सुवर्णलाल श्रेष्ठ, नेपाल पत्रकार महासंघ मकवानपुर शाखाअध्यक्ष गौतम, प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष अञ्जली थापालगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका उपाध्यक्षहरु ध्रुब अधिकारी, सरला अधिकारी, फोनिज बागमती प्रदेशका सदस्य विशाल मगर, प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवाश विडारी, प्रेस चौतारी मकवानपुरका उपाध्यक्ष पुष्पराज अधिकारी, रिपोटर्स क्लब मकवानपुरकी सचिव भावना रिजाललगायतको आथित्यता थियो ।

यस्तै, फोनिज बागमती प्रदेश समितिले पत्रकार महासंघ बागमती प्रदेश समितिका महासचिव मगरलाई पनि मागपत्र बुझाएको छ । 'तथ्य र प्रमाणका आधारमा नेपाल पत्रकार महासंघ (तत्कालीन नेपाल पत्रकार संघ)को संस्थापक अध्यक्ष सत्यनारायणबहादुर श्रेष्ठ नै हुन्,' स्मरणपत्रमा उल्लेख छ, 'श्रेष्ठलाई महासंघको संस्थापक अध्यक्ष कायम गर्न २०७९ सालमा नेपाल पत्रकार महासंघका सबै समितिमार्फत् माग गरिएपनि गलत इतिहास सच्याएर अग्रजको योगदानलाई सम्मान गर्न महासंघ तयार भएन ।'

'सर्वमान्य इतिहास स्वीकार्न नेपाल पत्रकार महासंघ तयार नभएका कारण गलत इतिहासलाई प्रश्रय दिने महासंघको नीतिविरुद्ध फोनिज निर्णायक आन्दोलनको चरणमा पुगेको छ,' फोनिजले भनेको छ, 'तसर्थ ७ दिनभित्र सत्यनारायणबहादुर श्रेष्ठलाई नेपाल पत्रकार महासङ्घको संस्थापक अध्यक्ष कायम गर्न माग गर्दछौं, हाम्रो माग पूरा नभए नेपाल पत्रकार महासंघका केन्द्रसहित देशैभरका कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरिने जानकारी गराउँदछौं ।',

तत्कालीन नेपाल पत्रकार संघ गठन गरेर नेपाली पत्रकारलाई पहिलोपटक संगठित गर्ने व्यक्ति सत्यनारायणबहादुर श्रेष्ठ रहेको भन्दै फोनिजले वि.सं. २००८ वैशाख ९ गतेको पत्रकार भेलाले श्रेष्ठको नेतृत्वमा 'नेपाल पत्रकार संघ' गठन गरेको र २००९ वैशाख २८ गते श्रेष्ठकै सभापतित्वमा तत्कालीन नेपाल पत्रकार संघ पुनर्गठन भएको दाबी गरेको छ ।

## कर्मचारीको आन्दोलनपछि औद्योगिक क्षेत्र प्रमुखको सरुवा



साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख भोजराज बिनाडीको सरुवा भएको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, बालाजुले ११ फागुनमा प्रमुख बिनाडीलाई कार्यालयको रिक्त रहेको सञ्चालन महाशाखा उपनिर्देशकमा सरुवा गरेको हो ।

निमित्त महाप्रबन्धक सञ्जयलाल मानन्धरले बिनाडीसँगै सहायक निर्देशक निमेश अधिकारी र अधिकृत दीपकराज आचार्यको सरुवा भएको हो । अधिकारीलाई औद्योगिक क्षेत्रको योजना तथा विकास विभागको सहायक निर्देशकमा पदस्थापन गरिएको छ । यसैगरी, लेखाअधिकृत आचार्यलाई बालाजु औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयमा सरुवा गरिएको हो ।

हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयमा १० माघदेखि कर्मचारीहरु प्रमुख बिनाडीविरुद्ध आन्दोलनरत थिए । कर्मचारी संघ इकाई समितिले १५ माघ र २८ माघमा दुईपटक लिमिटेडलाई पत्र लेखेर प्रमुख बिनाडीको सरुवा माग गरेको थियो । कर्मचारी र प्रमुखबीच द्वन्द्व बढेपछि २७ र २८ माघमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका निमित्त महाप्रबन्धक सञ्जयलाल मानन्धर र कामु निर्देशक राजेन्द्रप्रसाद कँडेल हेटौंडा आएर छलफल गरेका थिए ।

मानन्धर र कँडेलले विवाद समाधान गर्न नसकेपछि एकैपटक तीनजनाको सरुवा भएको जनाइएको छ । 'महाप्रबन्धकज्यूले ७ दिनभित्र समस्या समाधान गर्न निर्देशन दिनुभएको थियो । १० माघसम्म पनि प्रमुख र कर्मचारी बीच वार्ता भएर विवाद समाधान हुने नदेखिएपछि सरुवा गर्नुभएको हो', एक कर्मचारीले भने, 'प्रमुख बिनाडीको कार्यशैलीलाई लिएर कार्यालय सहयोगीसम्मका कर्मचारी आन्दोलनमा थिए ।'

कर्मचारीले एक महिनासम्म कालोपट्टी बाँधेर काम गरेका थिए । प्रमुख बिनाडीले कार्यसम्पादन मूल्यांकनमा नम्बर घटाइदिएपछि विवाद सुरु भएको एक कर्मचारीले जानकारी दिए । बिनाडीमाथि कर्मचारीलाई अपशब्द प्रयोग गरेको, कार्यसम्पादन मूल्यांकन नम्बर घटाएको, मनमौजीसँग स्पष्टीकरण सोधेको, कर्मचारीलाई सामान्य कुरामा प्रहरी चौकीमा पुऱ्याएको, कारबाही गर्नुपर्ने उद्योगलाई उन्मुक्ति दिएको आरोप कर्मचारीले लगाएका थिए । कर्मचारीले लगाएको आरोप सबै निराधार रहेको बिनाडीको दाबी छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

**नि:शुल्क स्वास्थ्य शिविरसम्बन्धी सूचना**

दीर्घायू गुरु हस्पिटल प्रा.लि. चाबहिल मित्रपार्क काठमाडौं, हर्ट फाउण्डेशन हेटौंडा र भुटनदेवी एल्मुनाई एसोसिएसन (भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था) हेटौंडाको संयुक्त आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएकोले इच्छुक सेवाग्राहीहरुले मौकाको फाइदा उठाउनुहोला ।
शिविरमा आवश्यकता अनुसार औषधिसमेत नि:शुल्क वितरण गरिनेछ ।

**शिविर हुने:**
मिति : २०८० साल फागुन १९ गते शनिबार
स्थान : भुटनदेवी मा.वि. परिसर हेटौंडा-४
समय : विहान ८:०० बजेदेखि

**उपलब्ध हुने सेवाहरु:**
१) स्नायू तथा नशारोग
२) मुटुरोग
३) हाडजोर्नी रोग
४) स्त्री तथा प्रशुति
५) जनरल फिजिसियन

**थप जानकारीको लागि**
- मंगल पेपर मार्ट, कान्तिराजपथ, हेटौंडा-४ (९८५५०७१२८०)
- यति ड्रग हाउस, राप्तिरोड, हेटौंडा-१ (०५७-५२०५१८)
- श्रेष्ठ ट्रेडिङ्ग, टीसीएन रोड, हेटौंडा-१० (९८४५०५७२५०)
- युनियन ड्रग हाउस, हेटौंडा-१० (०५७-५२३१८८)
- बुद्ध मेडिकल हल, हेटौंडा-४ (०५७-५२१४१०)

आयोजक: **भुटनदेवी एल्मुनाई एसोसिएसन**
(भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था)
सम्पर्क नं.: ९८५१०५८३९२ (अध्यक्ष), ९८४५१०६१२३ (सचिव)

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

साझाकुरा

## हाम्रो कुरा

# सुशासनमा उत्कृष्ठ पालिका

मकवानपुरका १० स्थानीय तहमध्ये थाहा नगरपालिका र मनहरी गाउँपालिका स्थानीय तह वित्तीय सुशासन मूल्यांकनमा उत्कृष्ठ भएका छन् । दुवै स्थानीय तहले वित्तीय सुशासन मूल्यांकनमा समान प्रतिशत अंक प्राप्त गरी प्रथम हुन सफल भएको समाचार आएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जिल्ला समन्वय समिति (जिसस) को सहयोगमा मूल्यांकन गरिने वित्तीय सुशासनमा मनहरी र थाहा प्रथम भएका हुन् । यो मूल्यांकनमा योजना, वजेट तथा कार्यक्रमको व्यवस्थापन, कार्यान्वयन क्षमता, लेखांकन तथा प्रतिवेदन, अनुगमन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापनलाई जिससले मूल्यांकन गरी प्रतिवेदन तयार पार्दछ । मनहरी गाउँपालिका आन्तरिक आयमा मकवानपुरकै सबैभन्दा धनी गाउँपालिका पनि हो । प्राकृतिक स्रोतपरिचालन, आन्तरिक राजश्व संकलनमा यो गाउँपालिकाभित्र राम्रो सम्भावना रहेको बताइएको छ ।

यो पालिकाको आन्तरिक आय धेरै भएकै कारण सबैको आँखा लाग्ने गरेको छ । मनहरी गाउँपालिकाले १५ देखि ४५ प्रतिशतसम्म खाइपाइआएको तलवमा अतिरिक्त भत्ता दिने गरेको छ । मनहरी गाउँपालिकाले संचालन गरेका विकास निर्माणका कार्यमा बेलाबेलामा बिबाद सृजना भएको समाचार आइरहेका छन् । शिक्षक सरुवादेखि राजश्व मिनाहासम्मका बिबादास्पद समाचारहरु आएका छन् । यति हुँदाहुँदै पनि सुशासनमा उत्कृष्ठ ठहरिएको छ । मनहरी गाउँपालिकाले अझै गंभीर भएर कार्यसम्पादन गर्ने हो भने प्रदेशमै उत्कृष्ठ हुन सक्छ । गाउँपालिकाले राम्रै काम गर्न खोज्दा पनि प्रतिपक्षी दलहरुले त्यसलाई गलत अर्थ लगाएर नकारात्मक प्रचार गरेको उदाहरण पनि छन् । जिल्ला समन्वय समिति मकवानपुरले गत आ.व २०७९/८० को प्रतिवेदनमा मनहरीलाई योजना, वजेट तथा कार्यक्रमको व्यवस्थापनमा ७१ दशमलव ४३ प्रतिशत, कार्यान्वयन क्षमता तथा व्यवस्थापनमा ८१ दशमलव ०३ प्रतिशत, लेखांकन तथा प्रतिवेदनमा ८२ दशमलव ३५ प्रतिशत, अनुगमन, मूल्यांकन तथा लेखापरीक्षणमा ६२ दशमलव ५ प्रतिशत र राजस्व व्यवस्थापनमा ६४ दशमलव ७१ प्रतिशत अंक दिएको छ । जिससले प्रदान गरेको सम्पूर्ण विषयको औषत ७३ दशमलव ५ प्रतिशत अंक प्राप्त गरी मनहरी गाउँपालिका मकवानपुरमै प्रथम भएको हो । यस्तै, बराबर ७३ दशमलव ५ अंक प्राप्त गर्नेमा थाहा नगरपालिका रहेको छ ।

जिससले थाहानगरलाई योजना, बजेट तथा कार्यक्रम व्यवस्थापनमा ६९ दशमलव ०५ प्रतिशत, कार्यान्वयन क्षमता तथा व्यवस्थापनमा ७९ दशमलव ३१ प्रतिशत, लेखांकन तथा प्रतिवेदनमा ७० दशमलव ५९ प्रतिशत, अनुगमन, मूल्यांकन तथा लेखापरीक्षणमा ६८ दशमलव ७५ प्रतिशत र राजस्व व्यवस्थापनमा ७६ दशमलव ४७ प्रतिशत अंक प्रदान गरेको छ । यसैगरी कूल ७१ अंक सहित हेटौंडा उपमहानगरपालिका दोस्रो स्थानमा छ भने कैलाश र मकवानपुरगढी गाउँपालिका समान अंक ७० दशमलब ५ अंक ल्याइ तेस्रो स्थानमा रहेका छन् । हेटौंडा उपमहानगर पालिका कार्यसम्पादन मूल्यांकनमा जिल्ला प्रथम भए पनि स्थानीय तह वित्तीय सुशासन मूल्यांकनमा दोस्रो भएको हो । स्थानीय तहले गर्ने कार्यसम्पादनलाई अझै प्रभावकारी र बिश्वासिलो बनाउनु जरुरी छ ।

# खुला सीमा, बन्द आकाश



✍ त्रिरत्न मानन्धर

गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण थालनीसँगै हौसिएका नेपाली पर्यटन व्यवसायीले तारे होटल तथा रिसोर्टमा लगानी बढाउँदै लगे । हाल सञ्चालनमा रहेका र निर्माण हुँदै गरेका होटल र रिसोर्टको हिसाब गर्ने हो भने नेपालमा कम्तीमा पनि ३० लाख पर्यटक आउनुपर्ने अनुमान गरिन्छ । तर, हालको अवस्थामा नेपालमा ३० लाख पर्यटक ल्याउन सम्भव छ ? तालिका हेरौं ।

सन् २०१३ देखि २०२२ सम्म त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट आएका हवाई यात्रु संख्या विश्लेषण गर्दा प्रतिउडान सरदर ३७ प्रतिशत मात्र विदेशी पर्यटक भित्रिएको पाइन्छ । पर्यटक अनुपात यही रहने हो भने नेपालजस्तो भूपरिवेष्टित मुलुकमा हाल सञ्चालनमा रहेका तीनवटै अन्तर्राष्ट्रिय विमानस्थल अपर्याप्त हुनेछ र हामीले निजगढ जस्तो पूर्ण क्षमताको अर्को अन्तर्राष्ट्रिय विमानस्थल निर्माण तुरुन्तै थाल्नुपर्ने देखिन्छ । तर, के नेपालमा पर्यटन प्रवर्द्धनका लागि होटल र रिसोर्ट तथा विमानस्थल मात्र काफी छ त ? गम्भीर समीक्षा हुनुपर्ने देखिएको छ ।

वर्तमान स्थितिमा नेपालको उड्डयन र पर्यटनमा दुई ठूला तगारो छन् । पहिलो पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल अभाव र अर्को बन्द आकाश । अब यो विषयमा खुला बहस र चर्चा साथै समाधानका लागि सार्थक पहल हुनु आवश्यक छ । ठूलो अपेक्षा र उत्साहसाथ सञ्चालनमा आएको पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा आशा गरेअनुसार अन्तर्राष्ट्रिय उडान हुन नसकेपछि अनौपचारिक छलफल क्रममा भारतीय सहयोग अपरिहार्य महसुस गरियो । समाधानको बाटो पहिल्याउने क्रममा अन्य विकल्पभन्दा पनि आवश्यक प्रक्रिया पूरा गरी विमानस्थल व्यवस्थापन र सञ्चालनमा विशिष्टता हासिल गरेका अन्तर्राष्ट्रिय स्तरमै विश्वशनीय भारतीय कम्पनीहरूलाई नै सहभागी गराउन सके बन्द आकाशको समस्या समाधानमा टेवा पुग्ने, विमानस्थल बजारीकरण, प्रवर्द्धन लगायत कार्यहरूमा सहज हुने सम्भावना बारे पनि छलफल चलेको थियो ।

यसैबीच सरकारले निजगढ विमानस्थल समेत निर्माण सुनिश्चित गरी काठमाडौं, भैरहवा र पोखरा विमानस्थल विस्तार तथा सञ्चालन समेत सार्वजनिक-निजी साझेदारी मोडेलमा अघि बढाउने बारे गृहकार्य थालनी गरेको र त्यसपछि यस विषयमा भारतको अडानी समूहले चासो देखाएको सन्दर्भ प्रकाशमा आएको छ । सम्भवत: उड्डयन र पर्यटनका उल्लेखित अवरोध निराकरणकै लागि सरकारले यो नयाँ प्रस्ताव अघि सारेको हुन सक्छ । तर, सबै अन्तर्राष्ट्रिय विमानस्थल विदेशीलाई सञ्चालन गर्न दिने विषय ज्यादै गम्भीर, संवेदनशील र प्राविधिक विषय समेत भएको हुँदा सबै एक मत हुन सम्भव नहोला साथै यस विषयमा पर्याप्त गृहकार्य पनि उत्तिकै जरुरी होला । तै पनि निजगढ विमानस्थल निर्माण समेत सुनिश्चित गरी कम्तीमा गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न सके यसकै माध्यमबाट नेपाली हवाई आकाशको समस्या समाधान हुन सक्ने सम्भावनातिर पहल गर्नु मनासिब होला । यसबाहेक विमानस्थल निजी क्षेत्रले सञ्चालन गरे पनि विमानस्थल सुरक्षा, अध्यागमन, भन्सार तथा एयर ट्राफिक सेवा प्रदान गर्ने काम सरकारकै जिम्मेवारीमा हुने सर्वमान्य प्रचलनबारे पनि सरकारले सुसूचित गराउन आवश्यक छ ।

### नीतिगत व्यवस्था

नेपालको हवाई नीति २०६३ ले अंगिकार गरेको महत्वपूर्ण पक्ष भनेको हवाई यातायातमा निजी क्षेत्रको प्रवेश हो । निजी क्षेत्रबाट वायुसेवाहरूमा भएको लगानीका कारण देशमा हवाई सेवा सुलभ र सहज भएको निर्विवाद छ । तर हवाई नीतिकै अर्को पक्ष स्वदेशी तथा विदेशी निजी लगानीकर्तालाई विमानस्थल निर्माण, सञ्चालन तथा पूर्वाधार विकासमा प्रोत्साहित गर्ने भन्ने विषय हालसम्म ओझेलमा परेको छ ।

### विदेशी सहभागिता

हवाई नीति २०६३ टेकेर सन् २०१२ मा लगानी बोर्डमार्फत निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसँगै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नति पनि सँगसँगै लैजानुपर्छ भन्ने ढंगले विदेशी कम्पनी मार्फत काम अगाडि बढाउन खोजिएको थियो । तर, उक्त विषय विवादमा परेपछि बीचैमा टुंगिएको थियो । यसपालि पनि विमानस्थल जस्तो देशको संवेदनशील पूर्वाधारमा विदेशी सहभागिताको कुरा उठेपछि कोशी, महाकाली, गण्डकजस्तो कैयौं परियोजनामा ठगिए झैं यसमा पनि नेपाल नठगियोस् भनेर जनता सचेत हुनु स्वाभाविक हो ।

### भारतीय चासो

सन् २०१० मा बुद्ध एयरले पोखराबाट बनारसी उडान तयारी थाल्दा भारतबाट उपर्युक्त हवाई रुट नपाएकै कारण उडान गर्न सकेन । त्यसपछि बल्ल नेपालले भूपरिवेष्ठित मात्र होइन, हाम्रो मुलुक आकाश परिवेष्ठित पनि रहेछ भन्ने कुरा महसुस गर्‍यो । त्यसपछि नेपालले थप प्रवेश मार्गका लागि निरन्तर प्रयास जारी राखे पनि आजसम्म कुनै परिणाम निस्केन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको दुई-दुईपल्टको नेपालको औपचारिक भ्रमण र नेपाल तर्फबाट भएका कैयौं उच्चस्तरीय भ्रमणमा पनि केवल चिप्ला मिठा कुरा मात्रै गरी खाली हात फर्काइयो ।

२०७२ सालको भूकम्पपछि भारतका तत्कालीन विदेशमन्त्री सुषमा स्वराज काठमाडौं आउँदा काठमाडौं-निजगढ फास्ट ट्र्याक र निजगढ विमानस्थल बनाउनेतर्फ भारतको सहभागिता सहितको सम्भावना खोजिनुपर्छ भनी नेपालको उड्डयन क्षेत्रमा भारतीय चासो स्पष्टसँग व्यक्त गरेको कुरालाई त्यतिबेला हल्का लिइएको थियो । स्वराजको भ्रमण लगत्तै एयरपोर्ट अथोरिटी अफ इन्डियाका अधिकारीहरू नेपाल आएर निजगढ विमानस्थल निर्माणस्थल समेत निरीक्षण गरेका थिए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ को यसअघिको भारत भ्रमणमा पनि थप हवाई नाकासम्बन्धी विषय भारतीय पक्षको सुरक्षा चासोकै कारण अड्किएको भन्ने जानकारीमा आएको थियो । दुई देशबीचको खुला सीमा सुरक्षित हुने तर खुला आकाशबाट सुरक्षा चुनौती बढ्ने यो अनौठो दलिलबाट अब नेपालले बुझ्नुपर्छ कि हाम्रो हवाई सेवामा भारतको चासो प्रत्यक्ष र अप्रत्यक्ष निरन्तर जारी छ । र, सहज निकासको संकेत देखिँदैन ।

हालै अडानी समूहको नेपालको अन्तर्राष्ट्रिय विमानस्थलहरू प्रतिको चासोबाट यो अनुमान झन पुष्टि हुन्छ । त्यसैले अब हामीले बुझ्नुपर्ने कुरा के हो भने जबसम्म हामीले छिमेकीको यो चासो सम्बोधन गर्न सक्दैनौं, तबसम्म हामीले जतिसुकै राम्रा पूर्वाधार विकास गरे पनि हामीलाई अघि बढ्न सहज हुँदैन ।

### हाम्रो यथार्थ

भन्ने बेला ‘रोटी बेटीको सम्बन्ध’ को कुरा गर्ने तर मौका पाउनासाथ हदैसम्मको अप्ठेरोमा पार्ने छिमेकी स्वभावका कारण हामी चिन्तित हुनु स्वाभाविक छ । छिमेकीको चासोलाई बेवास्ता गर्दा विविध अप्ठेरोको सम्भावना पनि नकार्न मिल्दैन । त्यसैले हर दृष्टिले धैर्य गर्नु र छिमेकीलाई चित्त बुझाएरै अघि बढ्नुपर्ने बाध्यता छ ।

गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सहज सञ्चालन गर्न हामीलाई छिमेकीको सहयोग अपरिहार्य छ । तर, यथास्थितिमा त्यो सहज देखिँदैन । तर, पनि भार तजस्तो विशाल छिमेकीका अगाडि हामीले फूर्ति, घमण्ड र रिस पोख्नुको पनि कुनै तुक छैन । हाम्रा जायज आवश्यकतालाई विल्कुलै नजर अन्दाज गर्ने छिमेकीको नीतिलाई हामीले डटेर प्रतिकार गर्न पनि नसक्ने अवस्थामा अब के गर्ने भन्ने प्रश्न उठ्नु स्वाभाविक छ ।

हुन त यी सबै हामीलाई घेरामा पारी आफ्नो छत्रछायामा ल्याउने उपाय हुन सक्ला । तर, हाम्रा सरकार, नेताहरू इमान्दार र देशप्रति बफादार रहने हो भने कसैले बिगार्न सजिलो छैन । सरकारकै कमजोरीका कारण छिमेकीले पनि चलखेल गर्ने अवसर पाउने हो ।

### निजीकरणको परिवेश

परम्परागत सरकारी कार्यशैली र कर्मचारीतन्त्र भन्दा विल्कुल अलग निजी क्षेत्रको व्यावसायिकता, उद्यमशीलता, दक्षता, नविनतम प्रविधि र सोचलाई विमानस्थल व्यवस्थापन, सञ्चालन तथा पूर्वाधार विकासमा लगाई यात्रुमैत्री वातावरण सिर्जना र प्रभावकारी सेवा, सुविधा प्रवाह गर्न सफल भएकै कारण विमानस्थलमा निजी लगानीको अवधारणा विश्वभरि लोकप्रिय हुँदै गएको हो ।

हङकङ, देहाको हमाड, नागोया, जुरिच, फ्र्यांकफर्ट, एमस्टर्डम, भियना, कोपनहेगन जस्ता विश्वका ठूलठूला अन्तर्राष्ट्रिय विमानस्थलहरू सार्वजनिक-निजी साझेदारी मोडेलमा सञ्चालित छन् । त्यस्तै लन्डन हिथ्रो, जापान नारिटा, कन्साई तथा अस्ट्रेलियाको सिडनीजस्ता अन्तर्राष्ट्रिय विमानस्थल निजी कम्पनीबाट सञ्चालित छन् भन्दा हामीलाई अचम्म लाग्ला ।

युरोपका एक चाथाइ विमानस्थल सार्वजनिक-निजी साझेदारीमा सञ्चालन भएका छन् । भारतमा सन् १९९९ मा कोचिन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुरु भएको निजीकरण प्रक्रिया हाल नयाँदिल्ली, मुम्बई लगायत अहमदाबाद, बैंगलोर, गोवा, गुवाहाटी, हैदरावाद, जयपुर, लखनऊ, मैंगलुरु र त्रिवेन्द्रम विमानस्थल सबै सार्वजनिक-निजी साझेदारी मोडेलमा सञ्चालनमा छन् । विमानस्थल निजीकरणको लाभबाट उत्साही भारत सरकार २०२५ सम्ममा थप एक दर्जन भन्दा बढि विमानस्थल निजीकरण गर्ने योजनामा छ ।

### नेपाली परिवेश

केही क्षेत्रमा निजीकरणको परिणाम राम्रो देखिए पनि नेपालको सन्दर्भमा निजीकरणको अनुभव त्यति सकारात्मक छैन । बलियो एकमना सरकार भएको अवस्थामा मात्र निजीकरणको परिणाम राम्रो हुने नत्र भने सरकारले निजी क्षेत्रलाई होइन, निजी क्षेत्रले सरकार चलाइदिने सम्भावना हुन्छ भन्ने पनि गरिन्छ ।

निजीकरणले हवाई सेवा महँगिने र निजी क्षेत्रलाई मात्र पोस्ने बहस पनि सुनिन्छ । तर, विश्वका अन्य मुलुकमा सफल प्रमाणित र नेपालको हवाई नीतिले समेत निर्दिष्ट गरेको विमानस्थल निर्माण, सञ्चालन तथा पूर्वाधार विकासमा यो मोडेललाई सरकारले अंगिकार गर्न सके सकारात्मक परिणामको अपेक्षा गर्न सकिन्छ ।

नेपालमा पूर्वाधार निर्माण तथा सञ्चालनमा निजी लगानी ऐन २०६३ का साथै नेपाल नागरिक उड्डयन प्राधिकरण पूर्वाधार संरचना, विकास तथा सञ्चालन सम्बन्धी नियमावली २०६६ मा यी विषय समेटिएका छन् । निजीकरणमा अपनाइने विधि र प्रक्रियाले ठूलो महत्व राख्ने हुँदा पारदर्शी प्रक्रिया अवलम्बन नै सबैको विश्वास जित्ने उपाय हुन सक्ला । तर, जुन प्रक्रिया अपनाए पनि नेपाली हवाई आकाशको समस्या सम्बोधन प्राथमिकतामा रहनु जरुरी छ ।

### छिमेकीको अनुभव

दिल्ली र मुम्बई अन्तर्राष्ट्रिय विमानस्थललाई निजीकरणका माध्यमबाट आधुनिकीकरण गर्ने र सरकारले २६ प्रतिशत अंश राखी बाँकी ७४ प्रतिशत निजी क्षेत्रलाई दिई ३० वर्षका लागि लिज (भाडा) मा दिने मनसायले सन् २००३ जुनमा सुरु भएको प्रक्रिया २००६ नोभम्बरमा पुगेरमात्र टुंगियो । सुरुमा १० कम्पनीको प्रस्तावमध्ये विभिन्न चार चरणको मूल्यांकनपछि दिल्लीका लागि जिएमआर (भारतीय) र फ्रापोर्ट (जर्मन कम्पनी) को साझेदारी प्रस्ताव स्वीकृत भयो भने मुम्बईका लागि जिभिके (भारतीय) र एसिएसए (एयरपोर्ट्स कम्पनी साउथ अफ्रिका) को साझेदारी प्रस्ताव छानियो ।

मूल्यांकन प्रक्रियामा चित्त नबुझेको पक्ष उच्च अदालतसम्म पुगे पनि अदालतले ६ महिनाभित्रै सरकारको पक्षमा अन्तिम निर्णय दियो । सरकारले सम्पूर्ण मूल्यांकन प्रक्रिया पारदर्शी ढंगले गर्न स्वतन्त्र विज्ञ टोली लगायत ६ विभिन्न कमिटी गठन गरी कार्य अगाडि बढाएको थियो ।

दिल्ली र मुम्बईको अन्तर्राष्ट्रिय विमानस्थल निजीकरण प्रक्रिया हाम्रा लागि पनि मार्गदर्शक हुन सक्छ । सुरुमा कर्मचारी निजीकरणको पक्षमा थिएनन्, तर सरकारले सबै पक्षको विश्वास जितेर आखिर यो प्रक्रिया टुंगोमा पुर्‍यायो । यो जटिल प्रक्रिया सफलतापूर्वक टुंगोमा पुर्‍याउन सरकारले कैयौं स्वदेशी तथा विदेशी परामर्शदात्रीहरूको सेवा लिएको थियो ।

### निष्कर्ष

सरकारले नेपाली हवाई आकाशको समस्यालाई उच्च प्राथमिकतामा राखी समाधान गर्न आफ्ना सबै किसिमका संयन्त्र परिचालन गर्न ढिला गर्नु हुन्न । विमानस्थल निजीकरणका माध्यमबाट पनि उक्त लक्ष्य प्राप्तिको सम्भावना देखिए त्यस अवसरलाई पनि छाड्न हुन्न । जहाँसम्म विमानस्थल निजीकरणको प्रश्न छ, नेपालको सन्दर्भमा ज्यादै जटिल र संवेदनशील विषय भएको हुँदा सरकारले विविध पक्षबाट लाभ हानिका साथै भविष्यमा आउन सक्ने जोखिम समेत विश्लेषण गरी विज्ञहरूको सहयोगमा अन्तिम निर्णय लिनु उचित हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# भ्रष्टाचार नियन्त्रण : अवसर र चुनौती



✍ कृष्णहरि बास्कोटा

भ्रष्टाचार विश्वव्यापी महारोग हो । यसको अन्त्यका लागि संयुक्त राष्ट्र संघले भ्रष्टाचार विरुद्धको महासन्धि जारी गरेको छ । नेपाल आफू संयुक्त राष्ट्रसैको सक्रिय सदस्य भएको नाताले १४ डिसेम्बर सन् २००५ देखि लागू भएको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसँीय महासन्धिलाई २३ फेब्रुअरी सन् २०११ मा अनुमोदन गरी सो महासन्धिको पक्ष राष्ट्र बनेको छ।

साथै, यस महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनासमेत निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । मुलुकमा भ्रष्टाचार निवारण ऐन, २०५९ जारी भै कार्यान्वयनमा रहेको छ । संविधानले भ्रष्टाचार नियन्त्रण गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ । यसलाई नियन्त्रण गर्ने अन्य सरकारी निकाय र बहस पैरवी गर्ने गैरसरकारी निकायहरु पनि क्रियाशील छन् । तथापि, भ्रष्टाचार नियन्त्रण हुनुको सट्टा वृद्धि हुदै जानु निकै चिन्ता र चांसोको विषय भएको छ ।

यथार्थमा, भ्रष्टाचारले समाजमा गहिरो रूपमा जरा गाडेको छ । मुलुकमा सुशासन प्रवर्द्धन गर्न मुख्य अवरोधको रुपमा भ्रष्टाचार रहेको छ । भ्रष्टाचारका कारण राज्यको आर्थिक, समाजिक, सांस्कृतिक एवं राजनीतिक क्षेत्रमा नकारात्मक असर परिरहेको छ। विशेष गरी, सार्वजनिक र निजी क्षेत्रमा भ्रष्टाचारले अझै बलियो जरा गाडेर बसेको छ । यसले नैतिक मान्यता र मूल्यलाई स्खलित तुल्याएको छ।

यसले इमानदारिता र विश्वासलाई निस्तेज तुल्याउँदै छ । यसले लोकतान्त्रिक मूल्य र मान्यतालाई पनि चुनौती दिइरहेको छ । यसर्थ, भ्रष्टाचाररूपी रोगको समूल अन्त्य नहुन्जेल मुलुक र समाजमा सकारात्मक परिवर्तन वा रुपान्तरणको प्रयास निरर्थक हुने प्राय: पक्का छ ।

सुशासन ऐन र सूचनाको हकसम्बन्धी ऐनका प्रावधानहरुलाई हुबहु कार्यान्वयन गर्दा केही हदमा भए पनि भ्रष्टाचार नियन्त्रणमा सघाउ पुग्नेछ । हामीले भ्रष्टाचारविरुद्धको शून्य सहनशीलताको नीतिलाई व्यवहारमा अक्षरश: उतार्न खरोरुपमा प्रस्तुत हुनुको विकल्प छैन । भ्रष्टाचार नियन्त्रणका लागि सरकार, राजनीतिक दल, निजी क्षेत्र, आमसञ्चार माध्यम, गैरसरकारी संस्थाहरु, नागरिक समाज र दातृ निकायहरुको समेतको सहकार्यको आवश्यकता बोध गरिएको छ ।

भ्रष्टाचार नियन्त्रणका लागि अदालत, संवैधानिक आयोग, महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय, सम्पत्ति शुद्धीकरण नियन्त्रण विभागजस्ता निकाय क्रियाशील छन्। यी निकायहरुले भ्रष्टाचार नियन्त्रणका लागि निदानात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक पक्षलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्छ । यसलाई स्कूल र कलेजको पाठ्यक्रममा समावेश गर्नुपर्छ । साना ठूला सबै प्रकारको भ्रष्टाचारमा संलग्न हुनेलाई कठोर सजाय गर्नुपर्छ । यस्को ठीक विपरीत सदाचारी व्यक्तिको उचित सम्मान गर्न कन्जुस्याइँ गर्नुहुँदैन ।

प्रचलित कानुनमा रिसवत लिने दिने, विनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, दानदातव्य, उपहार वा चन्दा लिने, कमिसन लिनेलाई भ्रष्टाचारको परिभाषामा समेटिएको छ । यसलाई समयसापेक्ष परिमार्जन गर्न जरुरी छ । यसै गरी, राजस्व चुहावट गर्ने, गैरकानुनी लाभ वा हानि पुर्‍याउने बदनियतले काम गर्ने, गलत लिखत तयार गर्ने, गलत अनुवाद गर्ने, सरकारी कागजात सच्याउने, सरकारी वा सार्वजनिक संस्थानको कागजात नोक्सान गर्ने, प्रश्नपत्रको गोपनियता भंग गर्ने, परीक्षाको परिणाम फेरबदर गर्नेलाई पनि भ्रष्टाचारको दायरामा समेटिएको छ ।

यी विषय सबै निकायका लागि समानरुपमा आकर्षित हुने देखिन्न । साथै, गैर कानुनी व्यवसाय गर्ने, नपाएको ओहदा पाएँ भन्ने झुटा विवरण दिने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, गैरकानुनी दबाब दिने, गलत प्रतिवेदन दिने, गैरकानुनीरुपमा सम्पत्ति आर्जन गर्ने, भ्रष्टाचारको उद्योग गर्ने, भ्रष्टाचारमा मतियार हुनेलाई पनि भ्रष्टाचारको परिभाषाभित्र समेटिएको छ । यी परिभाषाभन्दा भिन्न किसिमका भ्रष्टाचार भैरहेका छन् । यसर्थ, हाल स्थापना भएका निकायहरुको कार्यप्रकृति, सूचना प्रविधिमा आएको परिवर्तन र विश्वव्यापी अभ्याससमेतका आधारमा कुनै पनि प्रकारको भ्रष्टाचारको कसुरलाई भ्रष्टाचारको परिभाषामा नछुट्ने गरी कानुनको परिमार्जज हुनुपर्छ ।

भ्रष्टाचार हुनुमा मूलत: नैतिक मूल्य र मान्यतामा आएको ह्रास नै हो । तथापि, राष्ट्रसेवकको तलब र सुविधा पुनरावलोकन गर्ने, भ्रष्टाचार नियन्त्रणका लागि गठित निकायहरुबीच समन्वय कायम गर्ने, सूचना संकलनको भरपर्दो संयन्त्र निर्माण गर्ने, दण्डहीनताको अन्त्य गर्ने र अनुकरणीय काम गर्नेलाई पुरस्कृत गर्ने कुरामा सरकार पछि पर्नुहुँदैन । यसबाट मुलुकमा सुशासन कायम गर्न मद्दत पुग्नेछ । सुशासनलाई राजनीतिक परिवेशमा नियाल्दा अत्यधिक जनसहभागिता, निष्पक्ष निर्वाचन र बहुलतावाद नै प्रमुख तत्वका रुपमा देखा पर्दछन् । यसै गरी, सुशासनको व्यवस्थापकीय आयामभित्र छरितो तर सक्षम सरकारको भावना मुखरित भएको हुन्छ । साथै, सुशासनको नैतिक आयामभित्र पारदर्शिता र स्वच्छ प्रशासनको भावना लुकेको हुन्छ । यी कुरालाई मूर्तरुप दिन सुशासन ऐनको प्रभावकारी कार्यान्वयन गर्नुका साथै सुशासन आयोग गठन गर्न ढिला गर्नुहुँदैन ।

हामीले सरकारी काम कारबाहीको प्रक्रियागत पक्षलाई नजरअन्दाज गर्दा पनि भ्रष्टाचार वृद्धि हुन मद्दत पुगिरहेको छ । यसर्थ, सुशासन ऐनका प्रमुख प्रावधानहरुलाई हुबहु कार्यान्वयनमा ल्याउने कोशिश गर्नुपर्छ । जस अनुसार, कुनै पनि काम गर्दा निश्चित कार्यविधि अवलम्बन गर्ने, निश्चित समयमा निर्णय गर्ने, निर्णयको पारदर्शिता कायम गर्ने, निर्णयको आधार र कारण खुलाउने, स्वार्थ बाझिएको विषयमा निर्णय नगर्ने र सार्वजनिक पदमा रहेकाले जिम्मेवारी नपन्छाउने विषयलाई कडाइका साथ कार्यान्वयनमा ल्याउनुपर्छ । यसै गरी, पदीय आचरण पालना गर्ने, पदीय उत्तरदायित्व निर्वाह गर्ने, क्षतिपूर्तिसहितको नागरिक बडापत्र राख्ने, घुम्ती सेवा सञ्चालन गर्ने, सार्वजनिक सुनुवाइ गर्ने, गुनासो व्यवस्थापन गर्नेलगायतको प्रबन्धलाई प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याउन हरेक सरकारी निकायसँग कार्ययोजना नै हुनुपर्छ ।

सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाहरुको कार्यान्वयनबाट पनि भ्रष्टाचार नियन्त्रणमा सघाउ पुग्ने देखिएको छ ।

*क्रमश: पृष्ठ-३....*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन १७ गते बिहीबार २९ फेब्रुअरी २०२४ । पञ्चमी, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:३१, सूर्यास्त ६:०३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : धन कमाउने योग परेको छ | **तुला** | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ |
| **वृष** | : पश्चात्ताप लाग्नेछ | **वृश्चिक** | : अधिक परिश्रम गर्नु पर्नेछ |
| **मिथुन** | : शारीरिक आलस्यता बढ्नेछ | **धनु** | : मेहनतको फल पाइनेछ |
| **कर्कट** | : सकारात्मक सोचाइ रहनेछ | **मकर** | : कार्यभार र व्यस्तता बढ्नेछ |
| **सिंह** | : दया मायाका कार्य हुनेछन् | **कुम्भ** | : व्यापार-व्यवसाय सामान्य रहनेछ |
| **कन्या** | : धार्मिक आस्था बढ्नेछ | **मीन** | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ |

# नागरिकको असन्तोष छेक्न निषेधको डोरी

काठमाडौं/लघुवित्तका ऋणीहरु सोमबार नयाँ बानेश्वरस्थित संसद् भवनभित्रै प्रवेश गरेर नाराबाजी गरेपछि स्थानीय प्रशासनले निषेधित क्षेत्रलाई थप कडाइ गरेको छ ।

तीन महिनादेखि निषेधित क्षेत्र रहेको सिंहदरबार, संघीय संसद् भवन, बालुवाटार लगायत परिसरमा मंगलबार डोरी टाँगेरै फुटपाथमा नागरिकलाई हिँड्न दिइएन । प्रशासनले गरेको यो तहको कडाइमा पूर्वसभामुख दमननाथ ढुंगाना समेत परे । '.. त्यहाँ (संसद् भवनमा) दुई नम्बर गेटमा जा भन्छ, ती नम्बर गेटमा जा भन्छ, प्रहरीले घेरेको घेरेकै छन्', उनले भने, 'यसपालि त पक्राउ नै परेँ कि जस्तो भयो मलाई ।'




यसरी संकटकालको झल्को दिनेगरी नागरिकमाथि निशाना लगाउने निर्णयमा प्रशासन पुग्नुमा भने सोमबार लघुवित्तका ऋणीहरुले गरेको विद्रोह र गृहमन्त्री नारायणकाजी श्रेष्ठको आक्रोश थप कारण हो । लघुवित्तका ऋणीहरुले संसद्भवनभित्रै नाराबाजी गरे लगत्तै सोमबार अपराह्न गृहमन्त्री श्रेष्ठले सुरक्षा प्रमुखहरुको आकस्मिक बैठक बोलाएका थिए ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखलाई बोलाएर भएको बैठकमा काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेत, गृह मन्त्रालयको शान्ति सुरक्षा महाशाखा प्रमुख सह-सचिव नारायणप्रसाद भट्टराई, उपत्यका प्रहरी प्रमुख एआईजी दीपक थापा लगायत सहभागी थिए ।

स्रोतका अनुसार, बैठकमा गृहमन्त्री श्रेष्ठले संसद् भवनमा 'गम्भीर सुरक्षा चुक' भएको भन्दै आक्रोश पोखेका थिए । यो बैठकबाट फर्किएपछि काठमाडौंका प्रमुख जिल्ला अधिकारी बस्नेत नेतृत्वको सुरक्षा समितिले संसद् भवन, सिंहदरबार, बालुवाटार, राष्ट्रपति कार्यालय लगायत क्षेत्रको फुटपाथमा डोरी टाँग्ने निर्णय गऱ्यो ।

'सुरक्षा व्यवस्थापनका लागि तत्काललाई महत्वपूर्ण सरकारी संरचना आसपास आउन नदिने गरी सुरक्षा समितिले निर्णय गरेको हो', उपत्यका प्रहरी प्रमुख एआईजी दीपक थापाले संचारकर्मीसँग भने, 'त्यही अनुसार डोरी टाँगिएको हो ।'

जबकी लघुवित्तका ऋणीहरु सुरक्षा चुनौती दिन संसद भवनमा प्रवेश गरेका थिएनन्, उनीहरु न्याय माग्न पुगेका थिए । लघुवित्तका कारण घरमा बस्न नसक्ने अवस्था आएको महिनौं भइसक्दा पनि समस्या सम्बोधन नभएपछि उनीहरु सरकारलाई आफ्नो पीडा सुनाउन मुग्लिनबाट ७ दिन हिँडेर काठमाडौं आएका थिए ।

तर उनीहरुले सिंहदरबारलाई आफ्नो पीडा सुनाउन पाएनन् । ११ फागुनमा भृकुटी मण्डपबाट जुलुससहित सिंहदरबार तर्फ अगाडि बढ्न खोज्दा प्रहरीले रोक्यो । त्यही नाराबाजी गरेपछि अन्तिममा भद्रकालीसम्म मात्र जान दियो । त्यही आक्रोशले एउटा समूह सोमबार संसद् भवन परिरसमा प्रवेश गरे छिरेका थिए । सुरक्षा अधिकारीहरुको दाबी अनुसार, सुरुमा एक/दुई जना माननीयले बोलाएको भन्दै पश्चिमतर्फ रहेको गेटबाट भित्र प्रवेश गरेका थिए ।

केही महिला प्रवेश गर्ने वित्तिकै बाँकी हुल पनि एकैपटक छिर्दा प्रहरीले रोक्न नसकेको अधिकृतहरु बताउँछन् । त्यसको भोलिपल्ट स्थानीय प्रशासनले महत्वपूर्ण सरकारी संरचना आसपास हिँडडुलमा निषेध गर्ने बाटो रोजेको हो ।

५ मंसिरदेखि स्थानीय प्रशासनले माइतीघर सहित संसद् भवन, सिंहदरबार, शीतल निवास, बालुवाटार लगायत परिसरमा निषेधित क्षेत्र घोषणा गरेको थियो ।

मंगलबारको कदमले 'मौलिक हक नै निलम्बन भएको अवस्था जस्तो' परिस्थिति सिर्जना गराएको बताउँछिन् राष्ट्रिय मानव अधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारी । 'दिउँसो अनामनगरबाट सर्वोच्च अदालतसम्म म टाउको लुकाउँदै लुकाउँदै पुगेँ', उनले संचारकर्मीसँग भनिन्, 'सरकार लघुवित्त ऋणीहरुसँग डराएको कि आफ्नै कमजोरीलाई ढाक्न खोजेको हो ?'

असन्तोषमाथि बल प्रयोग

गणतन्त्र स्थापनापछि नागरिकले सरकारसँग असन्तोष राख्ने स्थल बनेको माइतीघर मण्डलमा प्रदर्शन गर्न स्थानीय प्रशासनले गत ५ मंसिरदेखि रोक लगाएको छ । ७ मंसिरमा दुर्गा प्रसाईंको नेतृत्वको समूह र त्यसको प्रतिवादमा नेकपा एमाले निकट राष्ट्रिय युवा संघले एकैठाउँ ( माइतीघर मण्डल) प्रदर्शनको मिति तोकेपछि प्रशासनले निषेधित क्षेत्र घोषणा गरेको थियो ।

प्रशासनको निर्णय मानेर प्रसाई समूहले बल्खु र युवा संघले तीनकुनेमा प्रदर्शन गऱ्यो, लगभग एकैदिनमा उनीहरुको आन्दोलन सकियो । तर प्रशासनले भने त्यसैलाई बाहना बनाएर निषेधित क्षेत्रको समय र स्पेश बढाउँदै लगेको छ । कतिसम्म भने माइतीघर मण्डलमा बस्न नपाएर शान्तिवाटिकामा न्यायको याचना गरिरहेकाहरुलाई समेत धरपकड भयो । स्थानीय प्रशासनले माइतीघरबाट धपाइएका अनेक मागमा न्याय मागिरहेकाहरुलाई गत २३ माघबाट काठमाडौं महानगरका प्रहरीले क्रुरतापूर्वक शान्तिबाटिकाबाट लखेटे ।

'यो स्थितिमा पीडितले आफ्नो आवाज कहाँ राख्ने ? सरकारले विगतदेखि नागरिकको आवाजलाई निषेध गर्न खोजिरहेको छ, यो (डोरी टाँग्ने निर्णय) त्यसैको निरन्तरता हो', नागरिक अभियन्ता सञ्जीव उप्रेती भन्छन्, 'पीडित समस्या भएर आएका हुन्, सरकार भने संवादको साटो नागरिकको अधिकारलाई खुम्च्याउँदै लैजानेतिर उद्दत छ ।' आन्दोलनरत पक्षलाई बोलाएर पीडा सुन्दा कुनै समाधान निस्किहाल्ने अवस्थामा पनि सरकारले दमन गर्न खोजेको उनको आरोप छ ।

संसद् भवन परिसरमा प्रवेश गरेकै कारण ४९ जना (४८ महिला र एक पुरुष) लाई शान्ति सुरक्षामा खलल पुऱ्याएको कसूरमा ७ दिन थुनामा राख्न अदालतबाट अनुमति लिनुले पनि त्यही देखाउँछ । 'हुलदंगा वा हुलहुज्जत पो नगर्ने हो, शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पनि त पाउनुपर्छ', मानवअधिकार आयोगकी पूर्वसदस्य अन्सारीले भनिन्, 'त्यसमाथि हिँडडुल गर्नै नपाउने, बाहिर भएका पीडितलाई पनि हिरासतमा राख्ने प्रवृत्ति ठिक भएन ।'

अझ अहिले सबैतिर डोरी बाँधेको हेर्दा भोलि बागबजार, माइतीघरमा आन्दोलन भयो भनेर डोरी बाँध्ने हो ? भन्ने प्रश्न उठेको भन्दै अन्सारीले भनिन्, 'सुरक्षा प्रबन्धलाई बलियो बनाउने हो, न कि नागरिक्लाई झन् सास्ती दिने ।'

नागरिक अभियन्ता उप्रेती भने गृह प्रशासनले आफ्नो समस्या सुनाउनलाई संसद् भवनसम्म छिर्नुपर्ने परिस्थिति आउनै नदिनुपर्ने बताउँछन् । 'यत्तिका समयदेखि आन्दोलन भइरहेको थियो, यो पहिल्यै समस्या समाधान गर्न पहलकदमी लिनुपर्थ्यो', उनले भने, 'विज्ञहरुले समाधान कसरी गर्ने भन्नेबारे रायहरु पनि राखिरहेका छन्, सरकारी निकायले नै पनि बोलेको छ, यस्तामा छलफल गरेर प्रणालीगत समस्या हटाउनु पर्नेमा सरकारले उल्टो बाटो लियो ।'

नेपाल प्रहरीका पूर्वप्रहरी नायब महानिरीक्षक (डीआईजी) हेमन्त मल्ल ठकुरी भने सोमबारको संसद् भवनभित्र लघुवित्तका ऋणी प्रवेश गरेको घटनालाई नागरिकले वर्षौंदेखि आन्दोलन गरिरहेको ठाउँमा प्रशासनले निषेध गर्नुको परिणाम मान्छन् । 'प्रशासनले माइतीघर लगायतलाई निषेधित क्षेत्र नतोक्दा एउटै क्षेत्रमा मात्र आन्दोलन हुन्थ्यो, निगरानी गर्न सहज हुन्थ्यो', उनले भने, 'तर, अहिले पीडितहरु कोही भृकुटीमण्डप, कोही सिफल, कोही तिनकुनेमा छन्, प्रहरी पनि छरिनु परेको छ । यस्तोमा सुरक्षा व्यवस्थापन पनि कठिन हुन्छ ।'

सिफल वा अन्य ठाउँ आन्दोलन गरिरहँदा मिडिया वा सरकारी संयन्त्रले सुनिरहेको छ भन्ने पीडितलाई नपर्ने बताउँदै उनी भन्छन्, 'त्यसपछि पीडित बाध्य भएर सबैको एटेन्सन लिनलाई पनि निषेधित क्षेत्र तोड्दै आउँछन्, अहिले माइतीघरमा निषेध थिएन भने सायद पीडितको हुल संसद् भवनभित्र छिर्ने थिएन ।' प्रशासनले बुद्धिमानी देखाउने हो भने तत्काल निषेधित क्षेत्र हटाएर पीडितलाई माइतीघर लगायतमा आफ्नो कुरा राख्न दिनुपर्ने मल्ल बताउँछन् ।

काठमाडौं प्रहरी प्रमुख एसएसपी भुपेन्द्र खत्री भने फरक तर्क गर्छन् । 'डोरी टाँगेर निषेधित क्षेत्र हो, त्यहाँ नाघेर जानु हुँदैन भनेर सन्देश मात्र दिन खोजेका हौं । हिँड्नै नपाउने भन्ने होइन', उनले संचारकर्मीसँग भने, 'जसरी प्रहरीले चेकिङ गर्नुको कारण चोर समात्ने भन्ने मात्र हुँदैन, नागरिकलाई सुरक्षित छु भन्ने महसुस गराउनु पनि हुन्छ, यसमा पनि त्यस्तै सन्देश दिन खोजेका हौं ।'

*(स्रोत: अनलाइनखबर)*

# प्रितीले अन्तिम मिनेटमा गोल गरेपछि नेपाल फाइनलमा

## उपाधिका लागि जोर्डनसँग खेल्ने

काठमाडौं/दोस्रो हाफको इन्जुरी समयमको अन्तिममा प्रिती राईले गरेको गोलमा लेवानोन विरुद्ध २-१ को पुनरागमन जित निकाल्दै नेपाल साउदी अरेबियामा भइरहेको वाफ च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेको छ । नेपालले अब उपाधिका लागि साविक विजेता जोर्डनको सामना गर्नेछ ।



जेद्दाहस्थित किङ अब्दुल्लाह स्पोर्ट्स सिटी स्टेडिययमा भएको दोस्रो सेमिफाइनलमा नेपालले एक गोलले पछि परेको स्थितीबाट पुनरागमन गरेको हो ।

खेलको ३८औं मिनेटमा नेपालले आत्मघाती गोल गर्दै लेवानोनले अग्रता लिएको थियो । डिफेण्डर पुजा रानाले गोलकिपर एन्जिला तुम्बापोलाई दिएको ब्याक पास गोल हुँदा नेपाल पछि परेको थियो ।

दोस्रो हाफमा नेपालले लगातार गोल फर्काउने प्रयास गऱ्यो । ७६औं मिनेटमा सावित्रा भण्डारीले नेपालका लागि बराबरी गोल गरिन् । सावित्राले रश्मी कुमारी घिसिङको पासमा गरेको प्रहार लेवानोनी गोलकिर लमिटाले रोकेपनि पूर्ण रुपमा क्लियर गर्न सकिनन् । रिबाउन्ड बल डिफेण्डर अमिनाले क्लियर गर्ने प्रयास गरेपनि सावित्राले चलाखीपूर्वक अघि बढ्दै गोल गरेकी हुन् ।

जारी प्रतियोगितामा नेपालले खेलेको चारै खेलमा गोल गरेकी सावित्राको यो नवौं गोल हो । उनले पहिलो खेलमा सिरिया विरुद्ध १ गोल गरेकी थिइन् भने त्यसपछि इराक विरुद्ध ५ र प्यालेस्टाइन विरुद्ध २ गोल गरेकी थिइन् ।

निर्धारित समयमको खेल बराबरीतर्फ अग्रसर भइरहेको बेला प्रिती राईले अन्तिम समयमा गोल गर्दै जित दिलाइन् । ५ मिनेटको इन्जुरी टाइमको अन्तिममा नेपालले कर्नर पाएको थियो । कर्नर बल लेवानोनका खेलाडीले क्लियर गर्न नसकेपछि पेनाल्टी बक्स बाहिर प्रितीले प्राप्त गरिन् र उनले हानेको लङ सट सिधै गोलमा परिणत भयो ।

पहिलो पटक वाफ च्याम्पियनसिप खेलिरहेको नेपाल अब उपाधिबाट एक कदम मात्र टाढा छ । तर नेपालको अबको प्रतिद्वन्दी सर्वाधिक ५ पटकको विजेता तथा साविक विजेता जोर्डन छ ।

फाइनल पुगेपछि नेपालकी फरवार्ड सावित्रा भण्डारीले मैदानका कारण पहिलो हाफमा राम्रो खेल्न नसकेको बताइन् । 'पहिलो हाफमा मैदानमा एडजस्ट हुन सकेनौं र बल कन्ट्रो गर्न सकेन । पहिलो हाफमा केही कठिन भयो र दोस्रो हाफमा शतप्रतिशत दियौं र नतिजा निकाल्न सफल भयौं ।' उनले जोर्डन बलियो टिम भएको र नतिजाका लागि फाइट गर्ने बताइन् । उनले विपक्षीलाई सम्मान गर्दै खेल्ने बताइन् ।

यस्तै गोलकर्ता प्रितीले पनि पहिलो हाफमा खेल्न कठिन भएको र दोस्रो हाफमा खेल्न सहज भएको र नतिजा आएको बताइन् । यस्तै प्रितिले आफ्नो गोल फिजियो नविनालाई समर्पण गर्ने पनि बताइन् । आफ्नो कठिन समयमा नविनाले धेरै सहयोग गरेको प्रितिले बताइन् ।

नेपाल र जोर्डनबीचको फाइनल खेल बिहीबार हुनेछ ।

# 'गोर्खा वारियर'ले चार दिनमा १ करोड ५१ लाख कमाएको दाबी

काठमाडौं/गोर्खा सैनिकको बहादुरीको कथामा आधारित भएर बनेको फिल्म 'गोर्खा वारियर'ले बक्स अफिसमा सुखद् व्यापार गरिरहेको छ । विशेषगरी लाहुरे पृष्ठभूमिका दर्शकलाई फिल्मले आकर्षित गरेको छ । काठमाडौंसहित मोफसलका केही हलमा फिल्मको क्रेज राम्रो देखिन्छ । भोलिपल्टको शो अघिल्लो दिन नै हाउसफुल भैरहेका छन् । यसले फिल्म लामो रेसको घोडा बन्न सक्ने देखाउँछ ।




यसैबीच, फिल्मको चार दिनको व्यापार सार्वजनिक गरिएको छ । निर्देशक मिलन चाम्सले मंगलबार फेसबुकमा सेअर गरेको एक पोस्टरमा फिल्मको कमाई १ करोड ५१ लाख उल्लेख छ । यदि यो आँकडा सही हो भने फिल्मका लागि सुखद् संकेत हो । वितरक करण श्रेष्ठले आइतबारदेखि प्राय: फिल्मको व्यापार खस्किने गरेको भए पनि 'गोर्खा वारियर'को हकमा त्यो नदेखिएको दाबी गरे ।

निर्देशक चाम्स फिल्मलाई मिलेको दर्शकको साथ र प्रतिक्रियाले उत्साहित भएको बताउँछन् । उनी फिल्म हेर्न आग्रह गर्दै भन्छन्, 'विशेषगरी लाहुरेसँग सम्बन्धित व्यक्तिहरुलाई फिल्म हेर्न आग्रह गर्छु । समग्रमा हामी नेपालीको कथा छ । सबैले हेर्नुपर्छ । जसले गर्दा अरुलाई पनि यस्तो फिल्म बनाउन प्रोत्साहन मिल्नेछ ।' यो फिल्म सफल भए यसको सिरिज बनाउने मिलनको योजना छ ।

सन् १९४९ मा 'मलाया इमरजेन्सी जंगल वार'मा नेपाली गोर्खा सैनिकले देखाएको बहादुरीको कथामा आधारित भएर निर्माण भएको फिल्ममा विजय लामा, रितेश चाम्स, रियर राई, रेविका गुरुङ, शिशिर वाङ्देल, कविता आले, सुरज तमु, विरुप गोले, त्रिचु राई, दिग्गज खत्री लगायतको अभिनय छ । यो फिल्मले करिब ७० वर्ष अगाडिको नेपाली समाजको अवस्थालाई पनि चित्रण गरेको छ ।

# भ्रष्टाचार नियन्त्रण....

जस अनुसार, प्रत्येक कार्यालयले आफूले सम्पादन गरेका कामहरु ३-३ महिनामा सार्वजनिक गर्ने, सूचना अधिकारी तोक्ने, नागरिक्ले मांग गरेको सूचना कानुनको तोकिएको अवधिभित्र उपलव्ध गराउने परिपाटीलाई सबै निकायले कडाइका साथ पालना गर्नुपर्छ । यसै गरी, सूचना प्रवाहमा दक्षता अभिवृद्धि गर्न तालिम कार्यक्रमको आयोजना गर्ने, सूचना प्रवाहका लागि आमसञ्चार माध्यमको प्रयोग गर्ने, नागरिकलाई अनुकूल हुने भाषामा सूचना प्रवाह गर्ने कुरामा सबै निकाय जिम्मेवार हुनुपर्छ ।

निजामती सेवा ऐनमा प्रशासकीय अदालतको गठन गर्ने व्यवस्था छ । तर, यस अदालतले केवल कर्मचारी माथि भएको विभागीय कारबाहीको पुनरावेदन सुन्ने काम मात्रै गर्दछ । यथार्थमा, आम जनताले सरकारी निकायबाट पाएको प्रशासनिक सास्तीविरुद्धको सुनुवाइ गर्ने गरी प्रशासकीय अदालतको गठन हुन जरुरी छ । यस्तो कामको जिम्मेवारी सुशासन आयोगलाई पनि दिन सकिन्छ । यस अतिरिक्त प्रदेशस्तरमा भ्रष्टाचार नियन्त्रण आयोग र स्थानीय तहमा अम्बुड्सम्यान खडा गर्न ढिलाइ गर्नुहुँदैन । हाल सरकारी निकायहरुमा भ्रष्टाचारको वाहकका रुपमा रहेका बिचौलियालाई सरकारी कार्यालयमा प्रवेश निषेध गर्नुपर्छ । हरेक सरकारी निकायले आर्थिक प्रशासनमा पूर्णत पारदर्शिता अवलम्बन गर्नुपर्छ । यसका लागि आवश्यकतानुसार सार्वजनिक खरिद ऐन र नियमलाई व्यावहारिक तुल्याउन संशोधन गर्नुपर्छ । प्रत्येक कार्यालयमा क्यालिटी सर्कल गठन गर्नुपर्छ । अर्थात् आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनुपर्छ । विश्वव्यापी सुशासन, भ्रष्टाचार नियन्त्रण, लोकतन्त्रलगायतको सूचकांकमा बढोत्तरीका लागि विशेष प्रयास गर्नुपर्छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले १० सूचकांकहरुका आधारमा विश्वव्यापीरुपमा करप्सन परसेप्सनको मापन गर्दछ । हालै जारी यस्तो प्रतिवेदनमा नेपालले सय पूर्णांकमा ३५ अंक हासिल गरी विश्वमा १०८ औं स्थान हासिल गरेको छ । यसबाट नेपाल अझै पनि भ्रष्टाचार हुने मुलुकहरुकै समूहमा परेको छ। यसकमा सुधार गर्न ती १० वटा सूचकांकको जानकारी लिई सुधार गर्नुपर्छ । जसअनुसार, पहिलो, सरकारको उत्तरदायित्व हो र सरकार जनताप्रति कति उत्तरदायी ढंगले प्रस्तुत हुन्छ भनी मापन गरिन्छ । दोस्रो, सरकारी कर्मचारीको जवाफदेहिताको स्थितिको मूल्याकंन गरिन्छ। तेस्रो, सार्वजनिक क्षेत्रमा विद्यमान भ्रष्टाचारको म्यापिङ गरिन्छ । चौथो, भ्रष्टाचारको मात्रा कुन हदमा छ भनेर हेरिन्छ । पाँचौं भ्रष्टाचार विरोधी कारबाही कुन हदमा भैरहेको र उपलब्धि के छ भनी विश्लेषण गरिन्छ । छैटौं, सरकारी कारबाहीको प्रवृत्ति र नियन्त्रणकारी क्षमताको मूल्यांकन हुने गर्दछ । सातौं, प्रशासनिक भ्रष्टाचारको स्थितिमाथि अवलोकन गरिन्छ । आठौं, सार्वजनिक पदको दुरुपयोगको स्थिति आंकलन गरिन्छ । नवौं, सेवाप्रवाहमा अनियमितताको स्थिति जाँचिन्छ । दशौं, अदालतको निर्णयमा पर्ने गरेको प्रभावबारे समीक्षा गरिन्छ । यसर्थ, यी विषयमा सुधार गर्न सके भ्रष्टाचार नियन्त्रणमा सघाउ पुग्नेछ ।

नेपालमा नीतिगत भ्रष्टाचार हुने गरेको छ । यो भनेको अधिकारको दुरुपयोग गरी गरिने भ्रष्टाचार हो। यसमा सार्वजनिक पदमा रहेकाले आफू वा आफ्नो पक्षलाई लाभ पुग्ने र राष्ट्रलाई नोक्सानी पुग्ने गरी निर्णय गर्ने गर्दछन् । साथै, वार्षिक बजेटको माध्यमद्वारा उद्योग र व्यापारको प्रवर्द्धनका नाममा छुट सुविधा घोषणा गरेर राजनीतिक दललाई चन्दा दिने व्यापारिक एवं औद्योगिक प्रतिष्ठानलाई लाभ पुऱ्याउने गरी भ्रष्टाचार गरिन्छ । यसै गरी, कैयौं क्षेत्रमा ऋण प्रवाह गर्ने, ब्याज माफी गर्नेजस्ता मौद्रिक क्षेत्रमा निर्णय गर्दा पनि अमूक वर्ग वा व्यक्तिलाई लाभ पुग्ने गरी गरिएको निर्णयलाई नीतिगत भ्रष्टाचार भनिन्छ । साथै, सार्वजनिक पदमा रहेका पदाधिकारीलाई स्वविवेकी अधिकार प्रदान गरिएको हुन्छ । यसको सदुपयोग हुने मनसायले कानुन निर्माण गरिन्छ । यदि कसैले दुरुपयोग गरेमा भ्रष्टाचारका लागि अधिकार प्रयोग गरिएको भनी बुझ्न ढिला गर्नुहुँदैन । यसर्थ, नीतिगत भ्रष्टाचार रोक्न मुलुक उच्च नैतिकताका साथ सञ्चालन हुनुपर्छ ।

हाल नेपालमा भैरहेका भ्रष्टाचारमा आर्थिक अनिमियतता गरी गरिने भ्रष्टाचार प्रमुख हो । यसमा सरकारी खरिदको बिलमा रकम वृद्धि गर्ने, खरिदमा मुलाहिजा गर्ने, कम गुणस्तरको सामान खरिद गर्ने, खरिदको संख्यामै कमी गर्ने लगायतका भ्रष्टाचारजन्य गतिविधि गरिन्छ । अर्को प्रकारको भ्रष्टाचार भनेको मिलेमतोमा ठेक्का प्रदान गर्नु हो । यसै गरी, सेवाग्राही जनतासँग रिसवत लेनदेन गरी गैरकानुनी काम गर्ने वा पालो मिच्ने वा कानुनले निर्दिष्ट गरेका कार्यचरणको अनुशरण नगर्नेजस्ता क्रियाकलापका माध्यमद्वारा भ्रष्टाचार गरिन्छ । यसरी भ्रष्टाचार विश्वमा अन्तर्राष्ट्रिय एयरपोर्टदेखि मृत्युको संस्कार गरिने घाटसम्म विद्यमान रहेको पाइन्छ । यसलाई नियन्त्रण गर्नुको विकल्प छैन ।

हामीले भ्रष्टचार नियन्त्रण गरी सुशासन खोजिरहेका छौं । यसर्थ, के कुरालाई सुशासन भनिन्छ भनी बुझ्न जरुरी छ । यथार्थमा, असल शासनलाई सुशासन भनिन्छ । कानुनी शासन नै सुशासनको आधार हो । राम्रो, असल र व्यवस्थित शासनलाई सुशासन भनिन्छ । नागरिकको प्रशासनिक अधिकारको समुचित प्रयोग नै सुशासन हो । धार्मिकरुपमा रामराज्यलाई सुशासनको पर्यायका रुपमा बुझिन्छ । सेवाग्राही जनताको सन्तुष्टि मापनमा आधारित शासनप्रणाली नै सुशासन हो ।

*(साभार: नेपाल समाचारपत्र)*

# 'रङ्गेली'को हरेक दृश्यमा चुनौती भयो : मिरुना मगर

काठमाडौं/यही फागुन २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रङ्गेली'मा अभिनेत्री मिरुना मगरले थारु युवतीको भूमिका निर्वाह गरेकी छिन् । उनी जुनकिरीको चरित्रमा छिन् । यो चरित्रमा अभिनय गरिरहँदा समाजका धेरै पात्रहरुको प्रतिनिधित्व गरेको उनको अनुभव छ । उनको बुझाईमा जुनकिरी स्वतन्त्र र आफ्नै बाटोमा हिँडिरहेको एउटा पात्र हो ।

'स्क्रिप्ट पढ्दादेखि नै मैले जुनकिरीको चरित्र विकासमा ध्यान दिएको थिएँ । मैले आफैँले पात्र चित्रण गर्दा समाजमै भएको पात्रहरूलाई हेरेर उनीहरूको यात्रा, भावना र भोगाइलाई उतार्ने प्रयास गरेकी छु,' उनी भन्छिन्, 'फिल्मका प्रमुख पात्रहरु विजय (दयाहाङ राई), भगवान् दादा (अर्पण थापा), माने (प्रवीण खतिवडा) र यादव (रुपेश झा) मेरो जीवनमा जोडिने चरित्रहरू हुन् ।'

उनी 'रङ्गेली'मा जुनकिरीको सम्बन्ध अन्य चरित्रसँग चाखलाग्दो र जटिल मान्छिन् । 'उहाँहरू सबैसँगको जुनकिरीको यात्रा चाहिँ एकदमै जटिल छ । हरेक चरित्रको यात्रासँग जोडिँदा दर्शकमा अब के हुन्छ, कता-कता जान्छ, कसरी यस्तो हुन्छ भन्ने कौतुहलता सिर्जना हुनेछ,' उनको जिकिर छ । प्राय: फिल्ममा महिला कलाकारलाई प्रेमको पात्रको रुपमा मात्र चित्रण गर्ने प्रवृत्ति भएता पनि 'रङ्गेली'मा आफ्नो चरित्र प्रेमभन्दा माथि रहेको उनको दाबी छ ।

फिल्मका हरेक दृश्यमा आफूलाई चुनौती महसुस भएको पनि मिरुना बताउँछिन् । 'भावुक दृश्यअघि अन्य पात्रको भावना बुझ्न मलाई गाह्रो भएको थियो । पात्रसँगको सम्बन्ध र त्यो पात्रले कथाभित्र के पाउन खोजिएको छ, त्यो कुरा बुझ्न र कथाको विकास गर्न केही समय लाग्यो । जुनकिरी चरित्र निर्वाह गर्दा आफूले नभोगेका कुराहरु भावनामार्फत बाहिर निकाल्न मलाई गाह्रो भयो,' उनी अनुभव सुनाउँदै भन्छिन्, 'मैले वास्तविक जीवनमा त्यो अवस्था भोगेको छैन, तर मेरो चरित्रले भोगेको छ । मैले नदेखेको कुरामा आफैंलाई प्रस्तुत गर्दा गाह्रो भएको थियो ।'

मिरुनालाई आफ्नो चरित्रको आयामबाट दर्शकले धेरै कुरा प्राप्त गर्न सक्छन् भन्ने लाग्छ । आफ्नो चरित्रको बारेमा उनी अगाडि भन्छिन्, 'जुनकिरी एउटा विश्वभित्र एक्लै लडिरहेकी हुन्छिन् । उसले आफ्नो जीवन अगाडि बढाइरहँदा आउने उतार चढावले जुनकिरीमाथि चुनौती थप्छ । त्यो चुनौतीलाई सामना गर्दै जुनकिरी एकदमै दह्रो भएर अगाडि आउँछिन् । त्यो कुरा दर्शकले फिल्म हेर्दा महसुस गर्नुहुनेछ ।'

फिल्ममा आफ्नो चरित्रको दह्रो उपस्थिति रहेको उनको जिकिर छ । समाजमा यस्तो हुनुपर्छ र यसरी गर्नुपर्छ भन्ने कुरालाई आफ्नो चरित्रले बोकेको मिरुनाको बुझाई छ । तर, जुनकिरी चरित्रले समाजसँग भन्दा पनि आफ्नै मूल्य र मान्यतासँग धेरै लड्नु परेको उनी बताउँछिन् । आफूले विश्वास गर्ने कुरा र जुनकिरीको जीवनमा हुने कुरामा धेरै फरक रहेको समेत उनको बुझाई छ ।

'रङ्गेली'लाई अर्जुन सुवेदीले लेखन तथा निर्देशन गरेका छन् । फिल्मका कार्यकारी निर्माताहरु जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् । निर्माताहरु संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन् भने युवक कार्की र शिव शङ्कर चौलागाईं सह-निर्माता हुन् । विवेक खड्का (योलो) एशोसियट निर्माता हुन् । फिल्ममा सुशन प्रजापतिको छायांकन छ ।

*(स्रोत: फिल्मीखबर)*

# राष्ट्रिय सम्मानसहित गायक भक्तराज आचार्यको अन्त्येष्टि

काठमाडौं/गायक तथा संगीतकार भक्तराज आचार्यको अन्त्येष्टि गरिएको छ । सोमबार अपराह्न उपचारका लागि अस्पताल लैजाने क्रममा ८२ वर्षको उमेरमा निधन भएका गायक आचार्यको मंगलबार दिउँसो पशुपति आर्यघाटमा राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गरिएको हो । उनलाई दुई छोरा सत्यराज आचार्य र स्वरुपराज आचार्यले दागबत्ती दिएका थिए भने नेपाल प्रहरीले सलामी अर्पण गरेको थियो ।

अन्त्येष्टिअघि भक्तराजको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जलीका लागि सानो गौचरणस्थित नाट्य प्रज्ञा प्रतिष्ठानमा राखिएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहालले उनको पार्थिव शरीरमा राष्ट्रिय झन्डा ओढाएर सम्मान व्यक्त गरेका थिए । उनलाई श्रद्धाञ्जली अर्पण गर्न पूर्व प्रधानमन्त्री केपी शर्मा ओली, अभिनेताहरु नीर शाह, हरिवंश आचार्य, हरिहर शर्मा, जितु नेपाल लगायत पनि पुगेका थिए ।

गायक आचार्यप्रति अन्तिम श्रद्धाञ्जली दिने क्रममा संगीतकर्मीहरुले उनका कालजयी गीत गाएका थिए । 'जहाँ छन् बुद्धका आँखा', 'हजार सपनाहरुको माया लागेर आउँछ' र एक भजन गीत गाएर उनीप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो । भक्तराजका दुई छोरा सत्यराज र स्वरुपराजले पनि पिताको गीत गाएर श्रद्धाञ्जली दिएका थिए । पिताको निधनको शोकले दुवै विक्षिप्त देखिएका थिए ।

घरमै अस्वस्थ भएपछि आचार्यलाई छोरा स्वरुपराजले ललितपुरको मेडिसिटी अस्पताल लगेका थिए । तर, अस्पताल नपुग्दै उनको बाटोमा निधन भएको थियो । यही दशैंको बेला लडेर टाउकोमा चोट लगेपछि आचार्य घरमै आराम गर्दै आइरहेका थिए । २०४६ मंसिर १९ गतेको एक घटनापछि उनको स्वर र सुर हराएको थियो । उनले आफ्नो जीवनकालमा ५ सय बढी गीत गाएका छन् ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# अपाङ्गता भएका व्यक्तिका लागि क्षमता अभिवृद्धि तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ राक्सिराङ गाउँपालिकाभित्र रहेका अपाङ्गता भएका व्यक्तिको क्षमता विकासका लागि तीन दिने तालिम प्रदान गरिएको छ ।

अविलिस फाउण्डेसन फिनल्याण्डको सहयोगमा अपाङ्ग स्वावलम्बन जीवनपद्दति केन्द्र मनहरी-७ मकवानपुरले आवासीय तालिमको आयोजना गरेको हो । तालिममा राक्सिराङ गाउँपालिका भरका ४० जना अपाङ्गता भएका व्यक्ति सहभागी भएको अपाङ्ग स्वावलम्बन जीवनपद्धति केन्द्र मनहरीका अध्यक्ष दिलबहादुर स्याङ्बोले जानकारी दिए ।



तालिममा राक्सिराङ गाउँपालिका सामाजिक विकास शाखाका गोविन्द अधिकारी, राष्ट्रिय अपाङ्ग महासंघका सल्लाहकार गणेशचन्द्र दवाडी, महासंघका बागमती प्रदेश कार्यक्रम संयोजक सीता मल्लठकुरी, सञ्चारकर्मी शिवकुमार काशी, मनोसामाजिक परामर्शदाता सुमिरा लामालगायतले सहजीकरण गरेका थिए ।

अपाङ्गता भएका व्यक्तिको नेतृत्व क्षमता बढाउन, सञ्चार सीपको विकास गर्न र आफूलाई सबल छु भन्ने महसुस गराउनका लागि तालिमको आयोजना गरिएको अध्यक्ष स्याङ्बोले बताए । तालिममा सहभागी भएपछि अपाङ्गता भएका व्यक्तिले उच्चमनोबल बनाएर घर फर्केको उनको भनाई छ । कार्यक्रमको समापन गर्दै राक्सिराङ गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले अपाङ्गता भएका व्यक्तिको पीरमर्कामा गाउँपालिकाले ध्यान दिने प्रतिबद्धता जनाएका छन् । उनले आगामी योजना निर्माण र कार्यान्वयनका चरणमा गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा पनि ध्यान दिने बताए ।

# मकवानपुरमा मगर दिवस मनाइयो




साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ नेपाल मगर संघको प्रथम महाधिवेशन भएको ४१ वर्ष पूरा भएर ४२ औं वर्षमा प्रवेश गरेको अवसरमा मकवानपुरमा मगर दिवस मनाइएको छ ।

हेटौंडाको बुद्धचोकमा ठुलो संख्यामा भेला भएर मगर समुदायले र्‍यालीसहित नाँचगान गरेर खुशी साटासाट गरेको हुन् । हेटौंडा उपमहानगरपालिका-४ स्थित हुप्राचौरमा सांस्कृतिक झाँकी र जातीय भेषभूषामा सजिएर मगर समुदायले ४२ औं मगर दिवसको अवरमा साँस्कृतिक कार्यक्रम तथा फुड फेस्टिबल गरी मनाइएको हो ।

आदिवासी जनजातिमध्ये पहिलो र समग्रमा तेस्रो ठूलो जनसंख्या भएको समुदाय मगर समुदाय हो । मगर संघ स्थापनाको सम्मानमा मगर समदुायले परम्परागत भेषभुषासहितको र्‍याली प्रदर्शनी, सोरठी, कौडा, सालैजो र घाटु नाचका साथै मगरपरिकार बिक्री तथा प्रदर्शनी गरिनुका साथै सांस्कृतिक कार्यक्रम गर्ने गर्छन् । मकवानपुरमा १६ हजार भन्दा बढी मगर समुदायको बसोबास रहेको नेपाल मगर संघ मकवानपुरका अध्यक्ष सन्देश तुम्सिङ मगरले जानकारी दिए ।

# बागमतीमा १५ लाख बढी भेडा बाख्रालाई पीपीआरविरुद्धको खोप लगाइने

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ बागमती प्रदेशका १५ लाख भन्दा बढी भेडाबाख्रालाई नि:शुल्क रुपमा पिपिआर रोगविरुद्धको खोप लगाइने भएको छ । प्रदेशको कृषि तथा पशुपन्छी मन्त्रालयले यही फागुन १६ गतेदेखि २१ गतेसम्म प्रदेशका १५ लाख ९४ हजार भेडाबाख्रालाई पीपीआर रोगविरुद्धको खोप लगाइने भएको हो ।




प्रदेश भित्रका ११९ वटै स्थानीय तहका कृषकले पालेका भेडाबाखामा महामारीको रुपमा लाग्ने पिपिआर रोग नियन्त्रण तथा रोकथामको लागि भ्याक्सिनेटर नियुक्त गरी सबै स्थानीय तहमा खोपकेन्द्र कायम गरिएको पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक डा.गौरीमान श्रेष्ठले जानकारी दिए । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव राजेन्द्र कोइरालाले प्रदेशमा २६ लाख ७७ हजार २२५ बाख्रा र ५१ हजार ४२० भेडा गरी २७ लाख २८ हजार ६४५ भेडाबाख्रा रहेको जानकारी दिए ।

तीमध्ये सप्ताहव्यापी कार्यक्रम अन्तरगत १५ लाख ९४ हजार भेडाबाख्रालाई पीपीआर खोप लगाउन लागिएको हो । गत आर्थिक वर्ष मन्त्रालयले सोही अभियान अन्तर गत ९ लाख ७९ हजार १८७ भेडाबाख्रालाई पीपीआर खोप लगाएको थियो । खोप अभियान संचालन गर्नको लागि खोपकेन्द्र बारे सम्बन्धित वडा कार्यालय तथा पशुसेवा कार्यालयमा जानकारी गराइसकिएको पनि सचिव कोइरालाले बताए ।

पिपिआर विरुद्धको खोप कुल २ करोड ३९ लाख १० हजार रुपैयाँ बजेटबाट प्रदेशभरका कृषकले पालेका भेडा बाख्रामा लगाइने र त्यसका लागि आवश्यक तयारी पूरा भइसकेको सचिव कोईरालाले बताए । पिपिआर रोग भेडा बाख्रामा लाग्ने घातक सङ्क्रामक रोग भएकाले रोग फैलिंदा करिब ८० प्रतिशतसम्म सङ्क्रमित भेडा बाख्राको मृत्यु हुने उनले बताए । यो रोग सुरुमा अफ्रिका महादेशबाट भएको भएपनि हाल विश्वका धेरै मुलुकमा फैलिसकेको र नेपालका अधिकांश जिल्लामा देखापरिसकेको मन्त्रालयले जनाएको छ ।

# उद्योग वाणिज्य संघको टोली बंगलादेश भ्रमणमा

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ मकवानपुर उद्योग वाणिज्य संघको टोली बंगलादेश भ्रमणमा निस्किएको छ । संस्थागत तथा व्यावसायिक सम्बन्ध विस्तारको उद्देश्यसहित टोली बंगलादेश हिँडेको टोलीको भ्रमण फागुन २० गतेसम्म हुनेछ ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताको नेतृत्वमा २२ सदस्यीय टोलीले भ्रमण गर्ने तय भएको छ भने मउवासंघका पूर्वअध्यक्ष तथा बंगलादेश नेपाल उद्योग वाणिज्य संघका उपाध्यक्ष अरुणराज सुमार्गीले भ्रमण कार्यक्रम संयोजन गरेका छन् । भ्रमणको क्रममा बंगलादेशका स्थानीय उद्योग वाणिज्य संघ लगायतसँग अन्तरक्रिया हुने बताइएको छ ।



भ्रमण टोलीलाई मकवानपुर उद्योग वाणिज्य संघमा सोमबार विदाई कार्यक्रम आयोजना गरी भ्रमण सफलताको शुभकामनासहित संघका पूर्वअध्यक्ष उत्तम शर्मा ढकाल, निवर्तमान अध्यक्ष तथा केन्द्रीय सदस्य कृष्ण कटुवाल, उपाध्यक्ष राजु अधिकारी, कोषाध्यक्ष सन्तोषकुमार अर्यालगायतले विदाई गरेका थिए ।

बंगलादेश नेपाल उद्योग वाणिज्य संघका अध्यक्ष एमएम ओबयदुर रहमानले भ्रमण टोलीलाई निमन्त्रणा गरेका छन् । भ्रमणले व्यापार, व्यवसाय र सांस्कृतिक सम्बन्ध विस्तारमा सघाउ पुग्ने उनले विश्वास लिएको बताइएको छ ।

# गरिब परिवार परिचयपत्र बाँड्दै राक्सिराङ

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ मकवानपुरको राक्सिराङ गाउँपालिकाले गरिब परिवार परिचयपत्र बाँड्ने भएको छ । पालिका अन्तर्गतको वडा कार्यालयरुबाट परिचयपत्र वितरण गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिए ।

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सञ्चालित गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रबाट छनोट भएका लाभग्राहीलाई परिचयपत्र वितरण गर्न लागिएको हो । गतवर्षबाट परिचयपत्र वितरण थालेको राक्सिराङले छुट भएका लाभग्राहीलाई पुन: परिचयपत्र वितरण गर्न लागिएको गर्तौलाले बताए । लाभग्राहीले आफ्नो परिचयपत्र वडा कार्यालयबाटै बुझन सक्ने गाउँपालिकाले जनाएको छ ।

# मनहरीमा ३४ जनाले गरे रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ मकवानपुरको मनहरी गाउँपालिका-७, रोटरी मार्केटमा मंगलबार बिहान भएको रक्तदान कार्यक्रममा ३४ जनाले रगत दान गरेका छन् ।

राष्ट्रिय युवा संघ मनहरी गाउँपालिका-७ वडा कमिटीद्वारा आयोजित कार्यक्रममा २ महिला र ३२ पुरुष गरी ३४ जनाले रगत दान गरेका हुन् । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । कार्यक्रम युवा संघको केन्द्रीय लेखासमिति सदस्य सन्तोष चौलागाईँको प्रमुख आतिथ्यमा भएको हो ।




# विकासभन्दा सामाजिक सुरक्षामा वितरण हुन्छ धेरै बजेट

काठमाडौं, १५ फागुन/ नेपालमा विकासभन्दा धेरै बजेट खर्च सामाजिक सुरक्षामा हुन थालेको छ । सरकारले हरेक वर्ष गर्ने सामाजिक सुरक्षा बजेट खर्च र विकास बजेट खर्चबीच तुलनात्मक विश्लेषणमा यस्तो देखिएको छ ।

सरकारले गत आर्थिक वर्ष (आव) २०७९/८० मा सामाजिक सुरक्षामा २ खर्ब ५३ अर्ब रुपैयाँ खर्च गरेको थियो । त्यसबेला पूँजीगत खर्चमात्र २ खर्ब ३४ अर्ब भएको छ । चालु आव २०८०/८१ मा सामाजिक सुरक्षामा २ खर्ब ५८ अर्ब विनियोजन गरेको सरकारले पूँजीगत खर्चमा ३ खर्ब २ अर्ब विनियोजन गरेको छ । तर, अर्धवार्षिक समीक्षाले पूँजीगत खर्च २ खर्ब ५४ अर्बमात्र हुने अनुमान गरेको छ ।

यस वर्षसमेत विकासभन्दा सामाजिक सुरक्षाका विभिन्न स्किममा बढी बजेट खर्च हुने निश्चित भएको हो । सामाजिक सुरक्षा सरकारको अनिवार्य दायित्वभित्र पर्छ । सोहीकारण सरकारले विकास बजेट काटेर रकम बाँड्नुपर्ने बाध्यता छ । सरकारले 'एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना २०८०' को अवधारणा कार्यान्वयनमा ल्याउने क्रममा गरेको विश्लेषणमा समेत सामाजिक सुरक्षामा हुने खर्च विकास बजेटभन्दा माथि जान थालेको भन्दै चिन्ता व्यक्त गरिएको छ ।

'सामाजिक सुरक्षामा बढ्दो खर्च दायित्वका कारण यस्ता कार्यक्रमको विस्तार र व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ,' संरचनाको विश्लेषणमा छ । अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्मा विकास खर्चभन्दा सामाजिक सुरक्षा खर्च माथि जानु विडम्बना भएको बताउँछन् ।

तर, यो पनि राज्यकै नीति अन्तर्गत रहेका कारण सकेसम्म लक्षित वर्ग केन्द्रित गरी व्यवस्थापन गर्नुको विकल्प नरहेको शर्माको भनाइ छ । 'पूँजीगत खर्चले दीर्घकालीन रूपमा पूँजी निर्माण गर्छ, यसले अर्थतन्त्रमा समेत योगदान गर्छ,' उनले भने, 'सामाजिक सुरक्षाले व्यक्तिको तत्कालीन आवश्यकता पूरा गरे पनि दीर्घकालीन पूँजी निर्माण योगदान गर्दैन ।'

सामाजिक सुरक्षा अनिवार्य दायित्व भएकाले यसको बजेट कटौती गर्न नसकिने र खर्च घटाउनु परे विकास खर्च काट्नुपर्ने बाध्यतामा सरकार रहेको भन्दै उनले भने, 'दर नबढे पनि लाभग्राही संख्या बढ्दा सामाजिक सुरक्षा खर्च चुलिएको हो ।'

सरकारले २०६६/६७ मा सामाजिक सुरक्षामा ७ अर्ब ७८ करोड रुपैयाँ विनियोजन गरेको थियो । यस वर्ष सरकारले २ खर्ब ५८ अर्ब ९३ करोड रुपैयाँ बराबर बजेट ल्याएको थियो । त्यसयता १५ वर्षभित्र सामाजिक सुरक्षामा सरकारले गर्ने खर्चमा असीमित वृद्धि भएको छ । अहिले सामाजिक सुरक्षामा मात्र औसत साढे २ खर्ब रुपैयाँ खर्च भइरहेको देखिएको छ ।

# महिलालाई सीपमूलक तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १५ फागुन/ चौघडा सामुदायिक सिकाईकेन्द्रको आयोजना र हेटौडा उपमहानगर पालिका शिक्षा विकास महाशाखाको सहयोगमा मंगलबारदेखि चौघडामा १० दिने हातेब्याग, रुमाल र कि-रिङ बनाउने तालिम सुरु भएको छ ।

स्थानीय क्षेत्रका महिलालाई सीप सिकाई आत्मनिर्भर बनाउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको हो । तालिमको उद्‌घाटन गर्दै हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालले महिलाको क्षमता अभिवृद्धि गर्ने कार्यमा वडा कार्यालयले सदैव सहयोग गर्ने बताए ।

केन्द्रका अध्यक्ष श्रीराम पुडासैनीको सभाध्यक्षतामा भएको उद्‌घाटन कार्यक्रममा हेटौंडा-६ का वडासदस्य लेखराज ढकाल, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, बंशगोपाल मावि ब्यवस्थापन समिति अध्यक्ष श्यामप्रसाद श्रेष्ठ, नवजीवनज्योति क्लवका अध्यक्ष राजकुमार बास्तोला, टोल विकास संस्था वडा समन्वय समिति हेटौंडा-६ का सचिव राजकुमार फुयाँल, सञ्चारकर्मी भीमसेन पौडेलगायतको आतिथ्यता रहेको थियो ।


## मोटरसाइकल हरायो

मिति २०८० साल फागुन ५ गते हेटौंडा-१८ गुम्बाडाँडामा पार्किङ्ग गरि राखेको अवस्थाबाट दिउँसो अन्दाजी ४:३० बजेको समयमा बिचमा मेरो निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०२-०३९ प ५१६५
**मोटरसाइकल धनीको नाम:** अमिर पोखरेल, हेटौंडा-६, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, १२५ सीसी
**मोटरसाइकलको रंग:** कालो सिल्भर
**चेचिस नम्बर:** MD2B64BX6NPL06377
**इन्जिन नम्बर:** DHXRNL85387
**सम्पर्क फोन नम्बर:** ९८५५०६७३३७



बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, मकवानपुर**

## सूचना ! सूचना ! सूचना !

यहि २०८० साल फाल्गुन १३ गते देखि १९ गते सम्म मकवानपुर जिल्ला स्थित १० वटै स्थानीय तहको वडाहरुमा दादुरा रुवेला खोप अभियान सञ्चालन हुँदैछ । यस अभियानमा ९ महिना देखि ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा-रूवेला रोग विरुद्धको खोप लगाइन्छ । त्यसैले आ-आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा-रूवेला खोप लगाउनु हुन अनुरोध छ ।

साथै यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालार्क्ष छुट भएको नियमित खोप पनि लगाइने भएकोले खोप कार्ड लिई आउनु हुन पनि अनुरोध छ । खोप अभियान सञ्चालन हुने मिति, समय र खोप केन्द्र रहने स्थानको बारेमा स्थानीय स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वंयसेविका वा वडाका जनप्रतिनिधिहरुबाट प्राप्त गर्न सकिन्छ ।

दादुरा-रुवेला रोग लागेको १ जना व्यक्तिले १८ जनासम्म लाई संक्रमण गर्न सक्छ । त्यसैले यो रोगबाट सुरक्षित हुन बालबालिकाहरुलाई दादुरा-रूवेला खोप लगाऔं र नेपालबाट दादुरा -रुवेला रोग निवारण गरौं ।

**जिल्ला खोप समन्वय समिति, मकवानपुर**



## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना